फेब्रुअरी 12, 2024

# दिग्गज प्रशिक्षक Napoleon B. Cobb को सम्मानमा Avondale Stadium को नाम परिवर्तन गरिएको छ

DeKalb काउन्टीले प्रशिक्षक Cobb को असाधारण जीवन तथा जीवनवृतिको सम्मान गर्दै Avondale Stadium को नाम *Napoleon B. Cobb Stadium at Avondale* मा परिवर्तन गरेको छ। जनवरी 31 मा 80 वर्षको उमेर मा Cobb को निधन भयो। उहाँले DeKalb County को उच्च विद्यालयको खेलकुदमा ठूलो प्रभाव छोड्नुभएको थियो। फेब्रुअरी 8 मा उनको प्रभावलाई चिरस्थायी सलामी प्रकट गर्दै Cobb को सम्मानमा श्रद्धाञ्जली समारोह आयोजना गरिएको थियो। 1970s मा Gordon High School मा आफ्नो कार्यकाल सुरु गर्दै, प्रशिक्षक Cobb, सबै तरिकाहरूबाट, फुटबल तथा ट्र्याक एन्ड फिल्डमा समर्पण, उत्कृष्टता, र सल्लाहकारको पर्याय बनेका छन्।

प्रख्यात प्रशिक्षकका छोरा Jabari Cobb ले स्टेडियममा आफ्ना बुबाको निर्देशनमा भएका रोमाञ्चक प्रतियोगिताहरू र ऐतिहासिक विजयहरूको बारेमा सम्झना गराउँदै यस उदार कार्यप्रति आफ्नो परिवारको गहिरो कृतज्ञता प्रकट गरे।

“Avondale Stadium प्रशिक्षक Cobb को लागि विशेष थियो। यहाँ Gordon र Avondale Blue Devils तथा the Druid Hills Red Devils को बीचमा धेरै [खेलकुद प्रतियोगिताहरू] भएका थिए,” Jabari Cobb ले भने। "उनीहरू शुक्रबार राती यहाँ खेल्थे, र उहाँले हामीलाई यी उत्कृष्ट खेलहरूको बारेमा यी उत्कृष्ट कथाहरूको बारेमा सुनाउनुहुन्थ्यो।"

उहाँले 1964 मा Tennessee State University बाट शारीरिक शिक्षा विषयमा विज्ञानमा स्नातक डिग्री पूरा गर्नुभएको थियो। त्यसपछि, उहाँले Chicago को DuSable High School मा शिक्षक तथा प्रशिक्षकको रूपमा काम गर्न सुरु गर्नु भएको थियो। तीन वर्षपछि, उहाँ Berkeley, California, मा सर्नु भएको थियो, जहाँ उहाँले Berkeley High मा फुटबल तथा ट्र्याकका विशेष ध्यान दिँदै अध्यापन तथा प्रशिक्षकको पेसालाई निरन्तरता दिनुभएको थियो।

प्रशिक्षक Cobb आमाको स्वास्थ्य बिग्रँदै गएकोले जर्जियामा फर्किनुभएको थियो। एकजना मेन्टरले उहाँलाई Atlanta Public Schools (*APS*) को सट्टामा DeKalb County Schools मा काम गर्ने बारेमा विचार गर्न प्रोत्साहित गरेका थिए।

“उनले भनेका थिए, ‘तिमी Georgia मा फर्किएपछि, पूरानो APS को सट्टामा, अर्को Dekalb नामक ठाउँ छ। केही ठूला कुराहरू भइरहेका छन्, र तिमी DeKalb मा आउनु पर्छ,’” Jabari ले भने। "दुई फरक राष्ट्रहरूको राष्ट्रिय प्रशिक्षक बन्ने अवसर पाए पनि उनले भने, 'तर तपाईंलाई थाहा छ, Dekalb मा केही विशेष थियो। उनी DeKalb काउन्टीमा विद्यार्थीहरूलाई माया गर्थे।”

प्रशिक्षक Cobb र उनकी श्रीमतीले Gordon High School-अहिलेको McNair Middle School नजिक एउटा घर किनेका थिए- र उनले 1972 बाट Gordon मा पढाउन तथा प्रशिक्षण दिन सुरु गरेका थिए, र उनी त्यतिबेला DeKalb काउन्टीका अर्का दिग्गज प्रशिक्षक William “Buck” Godfrey सँगै काम गर्थे। Jabari ले भने कि उनका बुबाले प्राय उनलाई भन्ने गर्नुहुन्थ्यो उनले DeKalb मा केही ठूलो कुरा हुन गइरहेको छ भनेर महसुस गरेका थिए र उनी यो छुटाउन चाहन्न थिए।

नतिजाले त्यसै भनेको छ।

राज्य स्तरीय तीन ट्र्याक एन्ड फिल्ड प्रतियोगिता जितेपछि, Cobb ले 1978 मा Gordon छाडे र Morehouse College मा प्रशिक्षण दिन गए। उनले त्यहाँ 11 वर्षसम्म प्रशिक्षकको रूपमा काम गरे। त्यसपछि, उनी 1989 मा DeKalb मा फर्किए र Godfrey सँग पुनर्मिलन गर्दै Southwest DeKalb High School मा पढाउन र प्रशिक्षण दिन थाले।

Southwest DeKalb High को पहिलो कार्यकालमा, उनले छात्र तर्फको राज्य स्तरीय सात ट्र्याक एन्ड फिल्ड प्रतियोगिताहरू जिते र Terrance Trammell तथा Angelo Taylor लाई 2000 को Olympic Games मा जान सहयोग गरे। 2004 मा, उनले Athens, Greece को Olympic Games मा Trammell र Taylor लाई प्रशिक्षण दिने अवसर पाएका थिए। 2007 मा, उनले Morehouse College मा जानका लागि South DeKalb High छोडे र उनी फेरि 2011 मा यतै फर्के। यो कार्यकालमा, उनले Panthers को नेतृत्व गर्दै राज्य स्तरीय दुई प्रतियोगिताहरू जिताए। त्यसपछि, उनले 2016 मा हात उठाए।

"उनको अथक प्रयासहरू, ट्र्याकमा र बाहिर दुवैले, उनले प्रशिक्षण दिएका सबैको जीवनमा प्रभाव पारेको छ। प्रशिक्षक Cobb प्रकाशको ज्योति बनेका छन्, जसले हामीलाई सबैभन्दा अन्धकारमय समयमा बाटो देखाएका छन् छ, " Taylor ले भने। "उनको मार्गदर्शनमा, हामीले सफलता केवल विजयले मात्र मापन गर्दैन, हामीले ट्र्याक भित्र र बाहिर प्रदर्शन गर्ने चरित्र र इमान्दारीताले पनि मापन गर्छ भनेर सिकेका छौं।

हामीले आफैलाई शंका गर्दा पनि, हामीमाथि विश्वास गरेकोमा म प्रशिक्षक Cobb लाई धन्यवाद दिन चाहन्छु, । यो स्टेडियम सधैं उनको उल्लेखनीय विरासतको प्रमाणको रूपमा खडा होस्।"

Georgia राज्यका संसद Omari Crawford प्रशिक्षक Cobb का अर्का शिष्य हुन् जो आफ्नो कलेजसम्बन्धी तथा व्यक्तिगत आकांक्षाहरू प्राप्त गर्न गरेको सहयोगको श्रेय प्रशिक्षक Cobb लाई दिन्छ। आफूले प्रतिनिधित्व गरेको राज्यको डिस्ट्रिक्टको एउटा स्टेडियम उनको प्रशिक्षकको नाम हुने कुरमा उनी उत्साहित छन्।

"Coach Cobb के हजारौं काला विद्यार्थी-खेलाडीहरूलाई कलेजमा जान सहयोग गरेका छन्। उहाँको विरासतको हिस्सा बन्न पाउँदाको मेरो खुशी व्यक्त गर्न मैले उहाँसँग बारम्बार कुराकानी गरेको छु," Crawford ले भने। "यी व्यक्ति ठूला व्यक्ति हुन्, केहीलाई सबैलाई थाहा छ कि म उहाँले प्रदान गरेका सेवाहरूको बारेमा सोच्दा अत्यन्तै खुसी हुन्छु। म जस्ता युवाहरू विकास गर्ने उहाँको विरासतको लागि म कृतज्ञ छु। "

आफ्नो कार्यकालभरि, प्रशिक्षक Cobb केवल एक प्रशिक्षक मात्र नभइ धेरैजनाका लागि मेन्टर, साथी, र बुबा पनि थिए। उनको प्रशिक्षणसम्बन्धी दर्शन चरित्र निर्माण, अखण्डता, र आफ्ना खेलाडीहरूको समग्र विकासमा ध्यान केन्द्रित गर्दै ट्र्याक एन्ड फुटबल फिल्डभन्दा बाहिर विस्तार भएको थियो।

कुल मिलाएर, सम्मानित प्रशिक्षकले प्रभावशाली 11 राज्य प्रतियोगिताहरू, एउटा राष्ट्रिय प्रतियोगिता, र 16 काउन्टी प्रतियोगिताहरूको विजेता बनेर आफ्नो प्रशिक्षण पेसा अन्त्य गर्नुभएको थियो। डिस्ट्रिक्टको ट्र्याक एन्ड फिल्ड प्रतियोगिताको भेला प्रशिक्षकको Cobb को नाममा राखिएको छ।

प्रख्यात प्रशिक्षकले आफ्नो सेवानिवृत्ति अघि धेरै पुरस्कार र प्रशंसा प्राप्त गर्नुभएको थियो।  उहाँ 10 पटक Georgia उच्च विद्यालय हाई स्कूल एथलेटिक्स ट्र्याक एन्ड फिल्डको वर्ष प्रशिक्षकको रूपमा चुनिनु भएको थियो, National Track and Field Association द्वारा दक्षिणपूर्वी क्षेत्रिय ट्र्याक एन्ड फिल्डको वर्ष प्रशिक्षकको रूपमा सम्मानित हुनुभएको थियो, तीन पटक Atlanta Track Club को वर्ष प्रशिक्षकको रूपमा छनौट हुनुभएको थियो, United States Olympic Committee द्वारा ओलम्पिक खेलाडीको व्यक्तिगत प्रशिक्षकको मान्यता पाउनुभएको थियो, Southwest DeKalb High School Hall को प्रसिद्ध व्यक्तित्वको सूचीमा पर्नुभएको थियो, र 2015 मा  Georgia Athletic Coaches को प्रसिद्ध व्यक्तित्वको सूचिमा पर्नुभएको थियो।

बोर्ड सदस्य Vickie B. Turner ले चरित्र तथा प्रभावको आफ्नो प्रभावशाली, आजीवन प्रतिमाको रूपमा प्रशिक्षक Cobb ले वर्षौंसम्मको सम्मानका लागि यो सम्मान पाएका हुन् भनेर वकालत गरे।

"जब मैले उहाँलाई जीवनको यो सत्रमा भेटें, उहाँ अलि शान्त र भद्र हुनुहुन्थ्यो। मैले उहाँको बारेमा जे-जे कुरा थाहा पाएको छु, सबैले उहाँ विशाल व्यक्तित्व हुनुहुन्थ्यो भनेर कुराकानी गरेका छन्," उनले भनिन्। "म प्रार्थना गर्दछु कि उहाँको आत्मा यहाँ भएका तपाईंहरू मध्ये धेरैको बास होस् किनकि उहाँको सम्झना यो [स्टेडियम] मा मात्र रह्यो भने यो ठट्टा हुनेछ। केहि जीवित, अभौतिक र स्पर्शयोग्य बन्नुपर्दछ जुन जीवन्त रहन्छ, र त्यो तपाईं हुनुहुन्छ, र हाम्रा बच्चाहरूलाई ठ्याक्कै त्यही चाहिन्छ।"

DCSD का सुपरिन्टेन्डेन्ट डा. Devon Q. Horton ले प्रशिक्षकक Cobb लाई भेट्ने अवसर प्राप्त गर्नुभएन। जे होस्, उनले प्रशिक्षक र DCSD का विद्यार्थी-खेलाडीहरूमा उनले पारेको सकारात्मक प्रभावको बारेमा थाहा पाएपछि आफ्नो प्रशंसा अभिव्यक्त गरे।

"उनका केही पूर्व विद्यार्थीहरूले उहाँलाई आफ्नो जीवनमा सकारात्मक प्रभाव पारेको व्यक्तित्वको रूपमा वर्णन गरेका छन्," डा. Horton ले भन्नुभयो। "कसैले उनको अनौठो प्रशिक्षण शैलीको बारेमा कुरा गरेका छन् भने, अरूले चरित्र र निष्ठा निर्माण गर्ने उनको वैचारिकताको बारेमा उल्लेख गरेका छन्। Coach Napoleon Cobb कति महान् पुरुष थिए।"

XXX